# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (५), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, पौष २८ गते २०७८ साल, संख्या ११

## भाग-१

नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# सूर्योदय नगरपालिकाको स्वास्थ्य ऐन २०७८

नगरसभाबाट स्वीकृत मिति : २०७८/०९/२७

**प्रस्तावना :**

नेपालको संविधानले प्रत्याभुत गरेको निशुल्क आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन, नगरपालिकामा उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्दै संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लिखित स्वास्थ्य सम्बन्धी स्थानीय तहको काम, कर्तब्य र अधिकार कार्यान्वयनका लागि कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ बमोजिम सूर्योदय नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ : (१)** यस ऐनको नाम "सूर्योदय नगरपालिकाको स्वास्थ्य ऐन २०७८" रहेको छ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) “आकस्मिक सेवा” भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिम मुक्त गर्न, कुनै अंग गुम्न वा अशक्त हुने अवस्थाबाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनुपर्छ ।

(ख) “आधारभूत स्वास्थ्य सेवा” भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निशुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका प्रवर्द्धनात्कम, प्रतिकात्मक, उपचारात्मक, निदानात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ । र सो शब्दले दफा ३ बमोजिम नगरपालिकाले थप गरेका आधारभूत स्वास्थ्य सेवालाई समेत जनाउँनेछ।

(ग) “अनुगमन समिति” भन्नाले स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्न गठित दफा १५ बमोजिमको अनुगमन तथा गुणस्तर समितिलाई सम्झनुपर्छ ।

(घ) “नगरपालिका” भन्नाले सूर्योदय नगरपालिका सम्झनुपर्छ ।

(ङ) “प्रमुख” भन्नाले सूर्योदय नगरपालिकाका नगर प्रमुखलाई सम्झनुपर्छ ।

(च) “उप-प्रमुख” भन्नाले सूर्योदय नगरपालिकाका उप-प्रमुख सम्झनुपर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "कार्यपालिका" भन्नाले सूर्योदय नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(झ) "ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको स्वास्थ्य ऐन, २०७८" सम्झनुपर्छ ।

(ञ) "गैर सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्वीकृति लिई गैर सरकारी वा निजी वा सहकारी क्षेत्रको लगानी तथा स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ र सो शब्दले सामुदायिक वा गुठी वा ट्रस्ट मार्फत संचालित गैर नाफा मुलक स्वास्थ्य संस्थालाई समेत जनाउनेछ ।

(ट) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ठ) "निरीक्षक" भन्नाले स्वास्थ्य संस्था र जनस्वास्थ्य सम्बन्धी गुणस्तर अनुगमन तथा निरीक्षण गर्न प्रचलित कानुन बमोजिमको योग्यता पुगेको दफा १७ बमोजिमको स्वास्थ्य अधिकारीलाई सम्झनुपर्छ ।

(ड) "सामुदायिक र सरकारी स्वास्थ्य संस्था" भन्नाले सूर्योदय नगरपालिका क्षेत्रभित्र स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारले संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले कानुन बमोजिम स्थापना भएका स्वसाशित संगठित संस्था मातहतमा संचालित प्रतिष्ठान शिक्षण अस्पताललाई समेत जनाउँदछ ।

(ढ) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ ।

(ण) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यतचा वा तालिमा हाँसिल गरी सम्बन्धित परिषदबाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्य कर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता वा महिला स्वास्थ्य स्वयंसेविका सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउँनेछ ।

(त) "स्वास्थ्य समिति" भन्नाले ऐनको दफा १४ अनुसार नगरपालिकामा गठित स्वास्थ्य समितिलाई सम्झनुपर्दछ ।

(थ) "स्वास्थ्य शाखा" भन्नाले सूर्योदय नगरपालिकाको स्वास्थ्य सेवा सम्बन्धी कामकाज गर्न/ गराउनका लागि तोकेको पालिकास्तरको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

(द) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित सामुदायिक वा गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामुलक रुपमा स्थापना भएका स्वास्थ्य संस्थाहरूलाई समेत जनाउनेछ ।

(ध) "व्यवस्थापन" भन्नाले ऐनको दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरूको संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## आधारभूत स्वास्थ्य सेवा तथा सेवा प्रदायक

**३. आधारभूत स्वास्थ्य सेवा:** (१) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच हुनेछ।

(२) आधारभूत स्वास्थ्यबाट निर्धारित गरेको सेवाहरू प्रत्येक नागरिकलाई निशुल्क प्राप्त हुनेछ।

(३) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र अवस्था अनुसार अन्य स्वास्थ्य सेवा समेत तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई कार्यपालिकाले निशुल्क उपलब्ध गराउन सक्नेछ।

(५) आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन नगरपालिकाले गर्नेछ।

**४. आधारभूत स्वास्थ्य सेवा प्रदायक:** (१) नगरपालिका क्षेत्रमा संचालनमा रहेका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रम मार्फत आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बाहेक नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले तोकेका स्वास्थ्य संस्थाबाट निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ।

(३) आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले गैर सरकारी तथा निजी स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ।

## परिच्छेद-३
## स्वास्थ्य संस्था स्थापना, संचालन तथा व्यवस्थापन

**५. स्वास्थ्य संस्था स्थापना:** (१) आधारभूत स्वास्थ्य सेवा तथा अन्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम मापदण्ड नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले आवश्यकता र औचित्यता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था र नगरपालिकामा कम्तिमा एक आधारभूत अस्पताल रहने गरी स्थापना तथा संचालन गर्न सक्नेछ।

(४) नगरपालिकाले हाल संचालनमा रहेका स्वास्थ्य संस्थाको प्रचलित मापदण्ड बमोजिम स्तरोन्नती गरी संचालन गर्न सक्नेछ।

(५) स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

(६) नगरपालिकाभित्र संचालित सरकारी अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी संचालन गरी अत्यावश्यक निशुल्क औषधी तथा सुपथ मुल्यमा अन्य आवश्यक औषधिहरू उपलब्ध गराउन सक्नेछ।

(७) औषधि सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

६. **स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन:** (१) नगरपालिकाको स्वामित्वमा संचालन भइरहेका वा स्थापना भएका अस्पतालको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति हुनेछ:

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगरपालिकाभित्र बसोवास गर्ने प्रतिष्ठित समाजसेवी मध्येबाट कार्यपालिकाले तोकेको व्यक्ति – उपाध्यक्ष

(ग) सामाजिक विकास समितिका संयोजक – सदस्य

(घ) अस्पताल रहेको वडाका वडाध्यक्ष – सदस्य

(ङ) नगर कार्यपालिका महिला सदस्यमध्ये कम्तिमा एक दलित महिला सदस्य सहित दुई जना – सदस्य

(च) स्वास्थ्य वा शिक्षा क्षेत्रमा क्रियाशील स्थानीय व्यक्तिहरूमध्ये कार्यपालिकाले तोकेको कम्तिमा एक महिला सहित दुई जना – सदस्य

(छ) महिला स्वयंसेविकामध्येबाट कार्यपालिकाले तोकेको एक जना – सदस्य

(ज) अस्पतालको नर्सिङ्ग इन्चार्ज – सदस्य

(झ) स्थानिय उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(ञ) माध्यमिक विद्यालयको प्र.अ.मध्येबाट एक जना – सदस्य

(ट) अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट - सदस्य

(ठ) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(२) उपदफा (१) बाहेकका नगरपालिकाको स्वामित्वमा रहेका अन्य सरकारी स्वास्थ्य संस्थाको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ:

(क) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाका वडाध्यक्ष – अध्यक्ष

(ख) वडाबाट निर्वाचित महिला सदस्यहरूमध्येबाट एक जना – उपाध्यक्ष

(ग) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका कार्यकारी अधिकारी – सदस्य

(घ) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका महिला प्रमुख वा प्राचार्यमध्येबाट एक गरी समितिले मनोनयन गरेका एक जना – सदस्य

(ङ) स्थानीय उदोग वाणिज्य संघको प्रतिनिधि एक जना – सदस्य

(च) महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट समितिले मनोनित गरेका एक जना – सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुख – सदस्य सचिब

(३) समितिले दलित, जनजाति, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, किशोर किशोरीमध्येबाट एक-एक जना व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिमका स्वास्थ्य संस्थाको व्यवस्थापन समितिमा नगरपालिका प्रमुख र उपप्रमुख संरक्षक रहनेछन्।

(६) समिति सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

७. **व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार:** व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने।

(ख) स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवम् दिगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने/ गराउने।

(ग) स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवा पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने।

(घ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाती, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांगता, वालवालिका, किशोर किशोरी, महिला समुह समेतलाई मध्यनजर राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

(ङ) स्वास्थ्य संस्थाको व्यवस्थापन र संचालनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने।

(च) स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिबृद्धि गर्न आवश्यक निर्णय लिने।

(छ) स्वास्थ्य वीमा कार्यक्रम, खोप कार्यक्रम, मातृ शिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने।

(ज) अति विपन्न, असहाय तथा अपांगता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने।

(झ) स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको क्षमता विकास र एवम् बृत्ति विकासको लागि आवश्यक कार्य गर्ने।

(ञ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरूलाई सहज रुपमा कार्य गर्न अनुकुल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ट) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने, गराउने| स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको ब्यवस्थापन गर्ने । स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल गर्ने ।

(ठ) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ड) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ढ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वियन र अनुगमन गर्ने ।

(ण) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्रुदै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वियनका लागि नगरपालिका अन्तर्गतका नगरपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखासंग आवश्यक समन्वय गर्ने ।

(थ) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरु समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(द) नगरपालिकाले वनाएको आवधिक कार्यक्रम कार्यन्वयन, अनुगमन, समीक्षा र स्वास्थ्य संस्थाको आवधिक तथा वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्ने ।

(ध) नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साँझा अधिकारहरू कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(न) संघ/ प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्म तथा अभियानहरू र नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

८. **पदाधिकारीहरूको पदावधि:** (१) व्यवस्थापन समितिका पदाधिकारीहरूको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ।

तर पदाधिकारीको पदावधि बाँकी रहदै सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पन्न भएमा समिति स्वतः समाप्त हुनेछ।

(२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन। तर पदेनको हकमा यो प्रावधान लागु हुने छैन।

९. **पदावधि रिक्त हुने:** निम्न अवस्थामा पदाधिकारी तथा सदस्यहरूको पद रिक्त हुनेछ:

(क) मृत्यू भएमा,

(ख) राजिनामा दिएमा,

(ग) विना सूचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा,

(घ) फौजदारी अभियोग लागेमा,

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा।

१०. **कोष तथा खाता संचालन:** (१) अस्पताल व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन नगरपालिकाको लेखा प्रणालीमा समञ्जस्यता हुने गरी छुट्टै बैंक खातामार्फत हुनेछ।

(३) उपदफा (२) बमोजिम रहेको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

(४) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

११. **स्वास्थ्य संस्था संचालन इजाजतपत्र लिनुपर्ने:** (१) नेपाल सरकारले निर्धारण गरेको न्युनतम मापदण्डका साथै नगरपालिकाले तोकेको प्रक्रिया पुरा गरी नगरपालिका क्षेत्रभित्र देहाय बमोजिमका निजी, गैरसरकारी, सामुदायिक, सहकारी वा गैरनाफामुलक संस्थालाई स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछ:

(क) अस्पताल

(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू,

(ग) औषधी पसल, फार्मेसी सेवा,

(घ) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र, प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरिक व्यायम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू,

(ङ) पुनर्स्थापना केन्द्र,

(च) जेरियाट्रिक परामर्श केन्द्र,

(छ) प्रयोगशाला,

(ज) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धि सेवा,

(झ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा।

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि संस्था संचालन वा सेवा उपलब्ध गराउन पाउने छैन।

(३) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएपछि नगरपालिकाले तोकेको प्रकृया बमोजिम यो ऐन प्रारम्भ भएको छ महिनाभित्र इजाजतपत्रका लागि निवेदन दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन इजाजतपत्र लिन वा नवीकरण गर्न कार्यपालिकाले तोके बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा अनुगमन समितिले जाँचबुझ गरी वा गराई कार्यपालिकालाई सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम अनुगमन गर्दा मापदण्ड पुरा गरेको पाइएमा कार्यपालिकाले स्वास्थ्य संस्था तथा सेवा संचालन सम्बन्धमा आवश्यक सर्त तोकी तोकिए बमोजिमको ढाँचामा संचालन इजाजतपत्र दिन सक्नेछ।

(७) स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र कार्यपालिकाले तोके बमोजिमको विवरण सहितको स्वमुल्याङ्कन प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा कार्यपालिकालाई अग्रिम जानकारी गराउनु पर्नेछ।

(९) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत कुनै निकायबाट अनुमति लिई संचालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन र प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गर्न समय माग गरेमा कार्यपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई औचित्य हेरी बढीमा छ महिनाको समायावधी दिन सक्नेछ। सो अवधिभित्र इजाजतपत्र नलिने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ।

(१०) स्वास्थ्य संस्था तथा सेवा संचालन अनुमति र इजाजतपत्र सम्बन्धि अन्य व्यवस्था र मापदण्ड नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अनुरुप कार्यपालिकाले तोक्नेछ।

(११) उपदफा (१०) बमोजिमको मापदण्ड नबनेसम्मका लागि स्वास्थ्य संस्था तथा सेवा संचालन अनुमति, इजाजतपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था र मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ ।

(१२) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका अन्तर्गत संचालित सरकारी स्वास्थ्य संस्थाले इजाजत अनुमति लिनुपर्ने छैन तर प्रचलित कानून बमोजिमको न्यूनतम गुणस्तर मापदण्ड भने पुरा गरेको हुनुपर्नेछ ।

**१२. दर्ता सिफारिस लिनुपर्ने:** (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई/दर्ता भई संचालन हुने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले स्थापना तथा संचालन र नवीकरणको लागि नगरपालिकाबाट सेवा संचालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिश लिनुपर्नेछ ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी तथा गैरसरकारी स्स्थाले समेत प्रचलित मापदण्ड बमोजिम आफ्नो स्वास्थ्य संस्थामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिब तथा विपन्न नागरिकको निशुल्क उपचार गर्नुपर्नेछ।

## परिच्छेद-४

## योजना, अनुगमन तथा गुणस्तर

**१३. स्वास्थ्य योजना तथा कार्यक्रम संचालन गर्ने:** (१) कार्यपालिकाले नेपाल सरकार र प्रदेश सरकारको स्वास्थ्य योजना अनुकुल हुने गरी नगरपालिकाको स्वास्थ्य सम्बन्धी लक्ष निर्धारण गरी योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कन तथा समीक्षाको कार्यतालिका बनाई स्थानीय आवश्यकताअनुसार स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्नेछ ।

(२) कार्यपालिकाले योजना बनाई नगरपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालवालिकाको पुनर्स्थापनाको कार्यक्रम संचालन गर्नेछ ।

**१४. स्वास्थ्य समिति:** (१) नगरपालिकाले स्वास्थ्य क्षेत्रको नीति, रणनीति, योजना निर्माण, समन्वय तथा कार्यान्वयन गर्न निम्न बमोजिमको स्वास्थ्य समिति गठन गर्नेछ ।

(क) नगरपालिकाका नगर प्रमुख – अध्यक्ष

(ख) नगरपालिकाका उप-प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक – सदस्य

(ङ) कानुन शाखा प्रमुख – सदस्य

(च) स्वास्थ्य शाखा संचालन तथा व्यवस्थापन समितिका अध्यक्षमध्ये कार्यपालिकाले तोकेको एक जना – सदस्य

(छ) कार्यपालिका सदस्यहरूमध्येबाट नगर प्रमुखले तोकेको दलित महिला एक जना – सदस्य
(ज) महिला स्वास्थ्य स्वयंसेविका मध्येवाट नगर प्रमुखले तोकेको एक जना – सदस्य
(झ) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक र नर्स मध्ये नगरपालिका प्रमुखले तोकेको एक-एक जना - सदस्य
(ञ) स्वास्थ्य क्षेत्रमा कार्यरत निजी वा गैहसरकारी स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले तोकेको एक जना -सदस्य
(ट) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव
(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:
(क) नगरपालिकामा जनस्वास्थ्य सुरक्षा, प्रवर्द्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,
(ख) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,
(ग) स्वास्थ्य संस्था स्थापना र सेवा विस्तारको आवश्यकताको एकीन गरी स्वास्थ्य संरचना तथा सेवा विस्तारको लागी कार्यपालिकालाई सुझाव दिने,
(घ) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,
(ङ) जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरूलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन दिने,
(च) रोगहरुको रोकथाम, प्रबर्द्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकारसँग आवश्यक सहयोग तथा परामर्श लिने,
(छ) नगरपालिकाको क्षेत्राधिकार भित्रको स्वास्थ्य सेवाको तथ्याङ्कहरू विश्लेषण गरि नगरपालिकाको आवश्यकतामा आधारित भएर स्वास्थ्य सम्बन्धी बार्षिक तथा आवधिक योजनाहरु तयार गर्ने ।
(ज) नगरपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने,
(झ) स्वास्थ्य सेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने,
(ञ) कार्यपालिकालाई स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा आवश्यकता अनुसार राय सुझाव र सल्लाह दिने,
(ट) नगरपालिकामा स्वास्थ्य क्षेत्रमा कार्यरत स्थानीय निजी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय तथा आवश्यक साझेदारीका उपायहरू खोज्ने,
(ठ) जन स्वास्थ्यसंग जोडिएका अन्य क्षेत्रहरूसंग समन्वय गरी एकिकृत रुपमा जनस्वास्थ्यका योजना र कार्यक्रम तर्जुमा गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
(ड) तोकिए बमोजिमको अन्य कार्य गर्ने

(३) समितिले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्न सक्नेछ।

(४) समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक बस्नुपर्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

**१५. अनुगमन तथा गुणस्तर समिति:** (१) स्वास्थ्य संस्थाको अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न समिति गठनको संदर्भमा प्रारम्भिक रूपमा दफा १४ अन्तर्गत गठित स्वास्थ्य समितिले कार्य गर्नेछ र उक्त कार्यको उपयुक्त व्यवस्थापनको लागि पालिकास्तरमा एक अनुगमन मुल्यांकन तथा सुपरिवेक्षणा निर्देशिका तयारी गर्ने र सोहि अनुसार पालिकास्तरीय अनुगमन तथा गुणस्तर समिति गठन रहनेछ।

**१६. प्राविधिक उप-समिति:** (१) स्वास्थ्य संस्थाको पूर्वाधार, स्थायी एवं स्तरोन्नतिको प्रयोजनको लागि अनुगमन गरी कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको प्राविधिक समिति गठन हुनेछ।

(क) अस्पतालका मे.सु./मेडिकल अधिकृत - संयोजक

(ख) ल्याव टेक्निसियन/अधिकृत - सदस्य

(ग) रेडियोग्राफर/अधिकृत – सदस्य

(घ) पब्लिक हेल्थ नर्स/अधिकृत - सदस्य

(ङ) जनस्वास्थ्य अधिकृत/निरीक्षक

(च) इन्जिनियर/ सव इन्जिनियर

(छ) वातावरण तथा सामाजिक मूल्याङ्कन सम्बन्धी विज्ञ

(ज) आयुर्वेद वा वैकल्पिक चिकित्साका प्रतिनिधि

(झ) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिब

(२) उपनियम (१) बमोजिमका सदस्य तथा सम्बन्धित क्षेत्रका विषय विज्ञ उपलब्ध हुन नसकेको अबस्थामा कार्यपालिकाले प्रादेशिक स्वास्थ्य कार्यालय, अस्पताल वा जिल्लास्थित सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई सदस्यका रुपमा आमन्त्रित गर्न सक्नेछ।

**१७. जनस्वास्थ्य निरीक्षक:** (१) स्वास्थ्य संस्थाले प्रचलित मापदण्ड बमोजिम स्वास्थ्य संस्था संचालन गरे वा नगरेको र सेवा प्रदान गरे वा नगरेको सम्बन्धमा निरीक्षण र अनुगमन गर्न तथा जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित राख्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्न अनुगमन समितिले छुट्टै जनस्वास्थ निरीक्षक वा सो सरहको अधिकृत खटाउन सक्नेछ।

(२) निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐन र प्रचलित कानून विपरित जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले

वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्न सक्नेछ।

(३) जनस्वास्थ्य निरीक्षकको योग्यता तथा अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**१८. सेवा शुल्क निर्धारण र पुनरावलोकन:** (१) नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिकाभित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकुल हुने गरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई कार्यपालिकालाई पूर्व जानकारी गराउनु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले सेवा शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नुपर्नेछ।

## परिच्छेद-५

## स्वास्थ्य जनशक्ति, पूर्वाधार र औषधि व्यवस्थापन

**१९. जनशक्ति व्यवस्थापन:** (१) नगरपालिका भित्रका स्वास्थ्य संस्थामा आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

(क) स्थायी – नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोकसेवा आयोगबाट पदपूर्ति हुने स्थायी जनशक्ति

(ख) करार – करार सेवामा भर्ना गरिएका जनशक्ति

(ग) अभ्यासकर्ता – छात्रबृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा नगरपालिकाको पूर्ण वा आंशिक रुपमा सहयोग प्राप्त गरी अध्ययन गरेका विद्यार्थी

(घ) स्वास्थ्य अभियानकर्ता/ महिला/ महिला स्वास्थ्य स्वयंसेविका

(ङ) प्रदेश र संघीय सरकारले उपलब्ध गराएका स्वास्थ्य जनशक्ति।

(२) कार्यपालिकाले प्रचलित कानुन बमोजिम स्वीकृत संरचना अनुरुपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपूर्ति गर्नेछ।

(३) कार्यपालिकाले जनशक्तिको क्षमता अभिबृद्धिको लागि आवश्यकतानुसार तालिम तथा शिक्षण गराउनेछ।

(४) कार्यपालिकाले नगरपालिका अन्तर्गत स्वास्थ्य सेवाका कुनै कर्मचारीलाई एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न वा काम काजमा खटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कर्मचारीको सरुवा गर्दा लिइने आधार र मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(६) उपदफा (४) बमोजिम काम नगरपालिका भित्रका स्वास्थ्य संस्थामा काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकुल प्रभाव नपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(७) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरूको योग्यता, नियुक्तिको प्रक्रिया, सेवा सुविधा र तालिम सम्बन्धमा नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(८) स्वास्थ्य जनशक्तिको सेवा सुविधा तथा अन्य व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ।

(९) उपदफा (८) बमोजिमको स्थानीय सेवा ऐन नबनेसम्मका लागि प्रचलित कानुन बमोजिम जनशक्ति व्यवस्थापन हुनेछ।

तर, स्वास्थ्य जनशक्ति व्यव स्थापन, प्रोत्साहन र उत्प्रेरणाको लागि प्रचलित सेवा सुविधाका अतिरिक्त आवश्यकता र कार्य क्षमताका आधारमा थप सेवा सुविधा उपलब्ध गराउन यस दफाले कुनै बाधा पुऱ्याउने छैन।

**२०. सेवा करार गर्न सकिने:** नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक वा अन्य स्वास्थ्यकर्मीको पद स्थायी पदपुर्ति नभएसम्म प्रचलित कानुन र मापदण्ड अनुसार सेवा करार गरी वा करार सेवामा नियुक्ति गरी कामकाज लगाउन सकिनेछ।

**२१. कार्यसम्पादन करार गर्नुपर्ने:** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कर्मचारीहरूसंग छुट्टा-छुट्टै कार्यसम्पादन करार गर्नेछ।

(२) नगरपालिकाका प्रमुखको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसंग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरूसंग र प्रमुखले अन्य कर्मचारीहरूसंग कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ।

(३) कार्यसम्पादन करार अनुसार काम भए नभएको सम्बन्धमा कार्यपालिकाले कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गरी राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्नेछ।

**२२. खरिद योजना बनाउनुपर्ने:** (१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य जन्य सामग्रीको खरिद तथा व्यवस्थापन गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ।

(३) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले वहुवार्षिक खरिद योजना बनाउन सक्नेछ।

**२३. औषधि तथा स्वास्थ्यजन्य सामग्रीको खरिद:** (१) औषधि तथा स्वास्थ्यजन्य सामग्रीको खरिदका लागि स्वास्थ्य शाखाले प्रक्रिया अगाडि बढाउने छ।

(२) औषधि तथा स्वास्थ्यजन्य सामग्रीको खरिद कार्य सार्वजनिक खरिद ऐन २०६३, सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ र प्रचलित कानुन बमोजिम हुनेछ।

**२४. औषधि तथा स्वास्थ्यजन्य सामग्रीको भण्डारण:** (१) खरिद गरिएका औषधि तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरी छुट्टै भण्डारण कक्षमा व्यवस्था गर्नुपर्नेछ।

(२) नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधि तथा औषधि वितरण सम्बन्धी विस्तृत विवरण सम्बन्धित स्वास्थ्य संस्थाले त्रैमासिक रुपमा सार्वजनिक गर्ने र स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ।

**२५. फार्मेसी संचालन गर्ने सक्ने:** (१) कार्यपालिकाले नगरवासीलाई सुपथ मुल्यमा गुणस्तरीय औषधि उपलब्ध गराउने प्रयोजनका लागि आफैले छुट्टै फार्मेसी संचालन गर्न सक्नेछ।

(२) फार्मेसी संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२६. स्वास्थ्य पूर्वाधार र मापदण्ड:** (१) कार्यपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्वर्द्धन गर्नेछ।

(२) नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाको वर्गीकरण र प्रचलित स्वास्थ्य पुर्वाधार मापदण्ड बमोजिम कार्यपालिकाले स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण गर्नेछ।

(३) नेपाल सरकारको प्रचलित मापदण्डको प्रतिकूल नहुने गरी कार्यपालिकाले न्यूनतम पूर्वाधार मापदण्ड बनाई स्वास्थ्य संस्थाका पूर्वाधार निर्माण, विस्तार तथा मर्मत सम्भार गर्न सक्नेछ।

(४) कार्यपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्थाहरूमा मापदण्ड अनुसार न्यूनतम औजार उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ।

(५) स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण, विस्तार तथा व्यवस्थापनका लागि नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार र निजी संस्थासंग समेत साझेदारी गर्न सक्नेछ।

**२७. स्वास्थ्य पूर्वाधार मर्मत संभार कोष**ः (१) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि नगरपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मतसम्भारको लागि बजेट छुट्टाउन सक्नेछ।

## परिच्छेद -६

## आकस्मिक स्वास्थ्य सेवा र जनस्वास्थ्य आपतकाल

**२८. आकस्मिक सेवाबाट बन्देज नगरिने:** (१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) विरामीको जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको दायित्व र कर्तव्य हुनेछ।

(३) आकस्मिक स्वास्थ्य सेवा सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **आपतकालिक स्वास्थ्य सेवा:** (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदको पुर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ ।

(२) कार्यपलिकाले आपतकालीन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरी लागु गर्नेछ।

(३) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकीय समुह परिचालन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकीय समुहको गठन, परिचालन तथा श्रोत व्यवस्थापन सम्बन्धि व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) नगरपालिकाले विपद व्यवस्थापन केन्द्र स्थापनका तथा संचालन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम विपद व्यवस्थापन केन्द्र संचालन गर्दा नजिकका अन्य स्थानीय तहसंग समेत संयुक्त रुपमा संचालन गर्न सक्नेछ ।

३०. **आकस्मिक स्वास्थ्य सेवा कोष:** (१) नगरपालिकाले आकस्मिक स्वास्थ्य सेवा कोष स्थापना गर्न सक्नेछ ।

(२) आकस्मिक स्वास्थ्य सेवा कोषको व्यवस्थापन गर्न कार्यपालिकाले छुट्टै कार्यविधि बनाउने छ ।

३१. **संक्रामक रोगको व्यवस्थापन:** (१) संक्रामक रोगबाट प्रभावित भएको लागेमा सम्बन्धित व्यक्ति वा निजको नजिकको आफन्तले स्थानीय स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सो को जानकारी दिनु पर्नेछ ।

(२) कुनै व्यक्ति संक्रामक रोगबाट प्रभावित भइ उपचार गर्न आएमा अविलम्ब सो को जानकारी कार्यपालिकालाई दिनु सम्बन्धित चिकित्सक वा स्वास्थ्य कर्मीको दायित्व र जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले प्रभाव क्षेत्र निक्यौल गरी रोगको रोकथाम र न्युनीकरणका लागि आवश्यक सतर्कता अपनाउन, जनशक्ति परिचालन गर्न र थप क्षति हुन नदिन स्थानीय स्रोत साधन परिचालन गर्न र सार्वजनिक सुचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(४) रोगको रोकथाम र नियन्त्रका लागि कार्यपालिकाले अवलम्बन गरेका योजना कार्यान्वयन गर्नु र आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) उपदफा (३) बमोजिम रोग रोकथाम र नियन्त्रण गर्न सहयोगको लागि नगरपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसंग अनुरोध र समन्वय गर्नेछ ।

(६) संक्रमित व्यक्तिहरूको व्यक्तिगत जानकारी र सेवा अभिलेखको गोपनियता सुनिश्चित गर्नु सेवा प्रदायक र स्वास्थ्य संस्थाको प्रमुख दायीत्व हुनेछ ।

**३२. जनस्वास्थ्य आपतकाल:** (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा नगरपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(४) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जारी गरेका जनस्वास्थ्य सम्बन्धि आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) जनस्वास्थ्य आपतकाल घोषणा भएको अबस्थामा कार्यपालिकाले जुनसुकै वखत निजी, गैरसरकारी सहकारी, गैर नाफामुलक, सामुदायीक वा अन्य स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन, संचालन गर्न, त्यस्तो स्वास्थ्य संस्थाबाट सम्बन्धित स्वास्थ्य सेवा उपलब्ध गर्न लगाउन र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा गराउन सक्नेछ।

(६) नगरपालिकाले महामारी र आपतकलिन अवस्थामा थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि विभिन्न संघसंस्था अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ।

(७) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ ।

(८) जनस्वास्थ्य आपतकाल सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**३३. एम्बुलेन्स तथा शववाहन सेवा:** (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स तथा शववाहान सेवा संचालन गर्न सक्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववाहन संचालन गर्ने संघ संस्थाले संचालन अनुमतिका लागी कार्यपालिकाको सिफारिस लिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम संचालन अनुमति पाएका एम्बुलेन्स तथा शववाहनले वार्षिक रुपमा कार्यपालिकामा दर्ता तथा वार्षिक नविकरण गराउनु पर्नेछ।

(४) नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववाहन मापदण्ड अनुरुप भए नभएको अनुगमन दफा १५ बमोजिमको अनुगमन समितिले गर्नेछ ।

## परिच्छेद-७

## सेवाग्राहीको कर्तब्य, सेवा प्रदायकको दायित्व र गुनासो व्यवस्थापन

**३४. सेवाग्राहीको कर्तब्यः** (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाव ग्रहण गर्नु प्रत्येक नागरिकको कर्तब्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवम् शिष्ट व्यवहार गर्ने प्रत्येक नागरिकको कर्तब्य हुनेछ।

**३५. सेवा प्रदायकको दायित्वः** सेवाग्राहीलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु तथा उपचार सम्बन्धी जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको दायित्व हुनेछ।

(२) उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिका आधारमा भेदभाव गर्न पाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकीकरण गर्न सक्नेछ।

(४) स्वास्थ्य संस्थामा उपचार तथा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सेवा प्रदायकको कर्तब्य हुनेछ।

**३६. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाइनेः** स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाइने छैन।

**३७. गुनासो व्यवस्थापनः** (१) कार्यपालिकाले स्वास्थ्य सेवा र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको संबोधनका लागि सिफारिस गर्न एक अधिकारी तोक्नेछ।

(२) सबै स्वास्थ्य संस्थाले सबैले देख्ने ठाँउमा उजुरी पेटिका राख्ने र नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) सवै स्वास्थ्य संस्थाले तोकिए बमोजिमको नागरिक बडापत्र राखी सोही अनुसार सेवाको सुनिश्चितता गर्नुपर्नेछ

(४) सवै स्वास्थ्य संस्थाले विरामीलाई सहज रुपमा जानकारी र सुचना प्रदान गर्न सोधपुछ कक्ष वा सहायता कक्षको व्यवस्था गर्नुपर्नेछ।

(५) गुनासो व्यवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३८. पेशागत सुरक्षा र कार्यमैत्री वातावरणः** स्वास्थ्य संस्थामा भय रहित रुपमा उपचार तथा सेवा प्रदान गर्न पेशागत सुरक्षा र कार्यमैत्री वातावरण हुनेछ।

## परिच्छेद-८

## जनस्वास्थ्य प्रवर्द्धन, फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वास्थ्य

**३९. जन स्वास्थ्य प्रवर्द्धनः** (१) नगरपालिकाले कुनै पनि नीति तथा योजना तर्जुमा गर्दा त्यस्ता नीति, योजना तथा कार्यक्रमले जनस्वास्थ्यमा पार्ने सकारात्मक तथा नकारात्मक प्रभावको समेत आंकलन गरी तर्जुमा गर्नुपर्नेछ।

(२) खाद्यान्न, तरकारी तथा फलफुल, दुग्धजन्य पदार्थ, मासु जन्य पदार्थ, पानी लगायतका उपभोग्य वस्तुको उत्पादन, भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ र गुणस्तरीय बनाउन नगरपालिकाले न्युनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ ।

(३) आवास तथा पुर्वाधार निमार्ण, विज्ञापन तथा प्रचार प्रसार, सामाजिक संस्कृतिक अन्धविश्वासलाई जनस्वास्थ्यमा पार्ने असरलाई न्युनिकरण गर्ने तथा नियमन गर्ने नगरपालिकाले प्रचलित कानून बमोजिम आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(४) जनस्वास्थ्य प्रवर्धनका लागि नगरपालिका क्षेत्रमा रहेका रणनैतिक स्थानहरुमा सार्वजनिक शौचालय, योग तथा व्यायमशालाहरू, खुल्ला स्थान तथा खेल मैदानहरू, हरित उद्यान लागायतका सेवा तथा संरचनाहरु स्थापना तथा संचालन गर्नुपर्नेछ ।

(५) पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन नगरपालिकाले आवश्यक मापदण्ड तयार गरि लागु गर्न सक्नेछ।

(६) जनस्वास्थ्य प्रवर्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४०. वातावरणीय स्वास्थ्यः** (१) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(२) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि प्रचलित मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**४१. फोहोरमैला व्यवस्थापनः** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर नगरले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्न पाइने छैन ।

(२) फोहोरमैला व्यवस्थापनको लागि प्रचलित मापदण्ड अनुरुप नगरले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ ।

(३) कार्यपालिकाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाई सम्बन्धी छुट्टै मापदण्ड बनाई लागु गर्नेछ।

(४) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार जनस्वास्थ्य निरीक्षकसँग हुनेछ ।

(५) जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

**४२. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन:** (१) स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहोरमैला तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ।

(२)स्वास्थ्य सम्बन्धि फोहोरमैलाको छुट्टा-छुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि प्रचलित मापदण्ड बमोजिम कार्यपालिकाले निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(३) कार्यपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैर सरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ।

(४) फोहोरमैला व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**४३. सुर्ति, मदिरा तथा सुर्तिजन्य पदार्थको नियमन:** (१) नगरपालिकाले सुर्ति, मदिरा तथा सुर्तिजन्य पदार्थको नियमन गर्ने सम्बन्धी कार्यविधि बनाई लागु गर्न सक्नेछ।

## परिच्छेद-९

## प्रेषण, अभिलेखीकरण र स्वास्थ्य सूचना प्रणाली

**४४. प्रेषण र उपचार प्रणाली :** (१) स्वास्थ्य सेवा प्राप्त गर्नका लागि सेवाग्राही आफ्नो अनुकुल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको विरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्तै त्यस्तो विरामीलाई उपचार गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(३) गम्भीर अवस्थाका विरामी, गर्भवती महिला, विपन्न नागरिकलाई प्रेषण गर्दा एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ।

(४) प्रेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४५. तथ्याङ्क संकलन र अभिलेखीकरण:** (१) कार्यपालिकाले नगरपालिकाभित्र घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी विस्तृत तथ्याङ्क र अभिलेख संकलन गरी नियमित रुपमा अध्यावधिक गर्ने पद्दति विकास गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, विरामी तथा सेवा सम्बन्धी तथ्याङ्क र अभिलेख नगर स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अध्यावधिक गराउनु पर्नेछ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य राख्नु पर्नेछ।

(४) नगरपालिका वा इजाजत पत्र स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्बन्धित व्यक्तिगत सूचना, कागतजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवार प्राप्त व्यक्तिको दायित्व हुनेछ।

(५) नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचकांकहरू नियमित रुपले अध्यावधिक गरी सार्वजनिक गर्नेछ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ।

**४६. सर्वेक्षण गर्न सक्ने:** नगरपालिकाले आफ्नो क्षेत्रभित्रको स्वास्थ्य अवस्था र प्रणालीको वस्तुस्थिति बुझ्न र सो अनुरूपको योजना तर्जुमा गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा स्वास्थ्य सर्वेक्षण तथा अध्ययन गर्न सक्नेछ।

**४७. जानकारी पाउने हक:** विरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पूर्ण जानकारी पाउने हक हुनेछ।

## परिच्छेद-१०
## कसुर, जरिवाना र क्षतिपूर्ति

**४८. कसुर गरेको मानिने:** कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ:

(क) दफा ११ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था संचालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ३५ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा ३५ बमोजिम गोपनियता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तब्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई जानी-जानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको वाहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा ४० बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकुल प्रभाव परेमा,

(ठ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा।

**४९. सजाय तथा जरिवाना:** (१) दफा ४८ बमोजिमको कसुर गरेमा प्रचलित कानुन अनुसार सजाय र जरिवाना हुनेछ।

**५०. क्षतिपूर्ति दिनुपर्ने:** (१) नगरपालिकाभित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरितका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रुपमा प्रतिकुल असर गरेमा त्यस्तो कार्यबाट पिडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति वापत कार्यपालिका वा सम्बन्धित निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानवीन तथा जाँचवुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यहिन गरी यसरी हानी नोक्सानी पुर्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

**५१. पुनरावेदन दिन सक्ने:** दफा ४९ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

**५२. सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्ने:** प्रचलित मापदण्डका अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने गरी विशेष काम गर्ने स्वास्थ्य संस्थाहरूलाई प्रोत्साहन गर्न नगरपालिकाले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

## परिच्छेद-११
## विविध

**५३. साझेदारी र सहकार्य गर्न सक्ने:** (१) नगरपालिकाले स्वास्थ्य सेवा प्रवाह गर्न प्रचलित कानुनको अधिनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक र संघीय तहका सरकारी, निजी तथा गैर सरकारी स्वास्थ्य संस्था, सीमा हेल्थ डेस्क तथा संघ/ संस्थासंग साझेदारी गर्न सक्नेछ।

(२) स्वास्थ्य सेवा प्रवाहको सुलभता र खर्च न्यूनीकरणको लागि नगरपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सक्नेछ।

**५४. सेवा खरिद सम्झौता गर्न सक्ने:** नगरपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नका लागि कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र संचालित वा आसपासमा पायक पर्ने स्थानमा संचालित सरकारी, गैर सरकारी तथा निजी स्वास्थ्य संस्थासंग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

**५५. विद्यालय स्वास्थ्य सेवा:** (१) नगरपालिकाले सरकारी तथा निजी शैक्षिक निकाय तथा विद्यालयहरूसंग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरू कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(३) स्वास्थ्य सेवा र जनशक्ति परिचालनमा प्रदेश र संघीय सरकारसंग सहकार्य गर्न सक्नेछ।

**५६. घुम्ती शिविर सम्बन्धी व्यवस्था:** (१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा स्वास्थ्य सम्बन्धी अन्य सेवा तथा कार्यक्रमहरू प्रचलित कानुन बमोजिम अनुमति लिई स्वास्थ्य शाखाको समन्वयमा संचालन गर्नु पर्नेछ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरू प्रदान गर्दा पुरा गर्नुपर्ने प्रक्रिया र मापदण्ड कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

**५७. विशेषज्ञ स्वास्थ्य सेवा:** (१) स्थानीय अवस्था र आवश्यकता तथा सेवाको प्रकृतिका आधारमा नगरपालिकाले प्रचलित मापदण्ड बमोजिम स्थानीय तहमा संचालित स्वास्थ्य संस्था मार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न नगरपालिकाले अन्य सरकारी तथा निजी वा गैर सरकारी स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ।

(३) स्वास्थ्य सेवामा नगरवासीको पहुँच पुऱ्याउन दुर चिकित्सा, स्वास्थ्य शिविर, विद्यूतीय स्वास्थ्य जस्ता प्रविधि तथा प्रक्रिया अवलम्बन गर्न सक्नेछ।

**५८. सामाजिक सूरक्षा र स्वास्थ्य वीमा:** (१) नगरपालिकामा सबै नागरिकलाई प्रचलित कानुन बमोजिम अनिवार्य स्वास्थ्य वीमा कार्यक्रममा आवद्ध गराउन कार्यपालिकाले समन्वय र सहजीकरण गर्नेछ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरू तय गरी संचालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(३) नगरपालिकाले आर्थिक रुपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य वीमा गराउन र अन्य सामाजिक सुरक्षा कार्यक्रममा सहभागी गराउन नगरपालिकाले आवश्यक सहजीकरण र बजेट विनियोजन गर्नेछ।

(४) नगरपालिकाले महिला, बालवालिका, किशोर-किशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक र अन्य विशेष संरक्षणको आवश्यकता भएका लक्षित समुहका लागि कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू संचालन गर्न सक्नेछ।

**५९. समन्वय र सहजीकरण गर्ने:** स्वास्थ्य सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ।

६०. **प्रचलित कानुन बमोजिम हुने:** यस ऐनमा लेखिए जति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । संविधानसंग बाझिएको यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

६१. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार स्वास्थ्य शाखामा प्रत्यायोजन गर्न सकिनेछ ।

६२. **नियम बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

६३. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

# सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (तेस्रो संशोधन) ऐन २०७८

नगरसभाबाट स्वीकृत मिति-२०७८/०९/२७

सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरकार्यपालिकाले देहाय बमोजिमको ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (तेस्रो संशोधन) ऐन २०७८** हुनेछ।

(२) यो ऐन नगरसभाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन२०७६" लाई जनाउनेछ।

**३. मूल ऐनको दफा ३ पछाडि देहाय बमोजिम दफा ३क. थप गर्ने:**

**३क. कक्षा थप गर्न र विषय थप गर्न अनुमति लिनु पर्ने:**

(क)सामुदायिक तथा संस्थागत विद्यालयको कक्षा थप गर्न तोकिए बमोजिम अनुमति लिनु पर्ने छ।

(ख)सामुदायिक तथा संस्थागत विद्यालयले पाठ्यक्रममा तोकिए बमोजिमका ऐच्छिक विषय थप गर्न वा परिवर्तन गर्न चाहेमा तोकिए बमोजिम अनुमति लिनु पर्ने छ।

**४. मूल ऐनको दफा ४ को सट्टा देहाय बमोजिमको दफा ४. राख्ने:**

**४. नमुना विद्यालय सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले नगर क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रुपमा छनौट गर्न सक्नेछ।

(२) नगरपालिकाले उपदफा(१) बमोजिम छनौट भएको विद्यालयमा प्रधानाध्यापक वा शिक्षक करार सेवामा नियुक्त गर्न सक्नेछ।

(३) नमुना विद्यालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५. मूल ऐनको दफा ४ पछाडि देहाय बमोजिम दफा ४क. थप गर्ने:**

**४क. बालमैत्री विद्यालय:**

विद्यालयहरुलाई तोकिए बमोजिमको मापदण्डका आधारमा बालमैत्री विद्यालय घोषणा गरिने छ।

**६. मूल ऐनको दफा ६ पछाडी देहाय बमोजिम दफा ६क. थप गर्ने:**

**६क. विद्यालय शिक्षाको गुणस्तर मापन मापदण्ड:**

विद्यालय शिक्षाको गुणस्तर मापन मापदण्ड तोकिए बमोजिम हुने छ।

**७. मूल ऐनको दफा ९ को दोस्रो वाक्यमा रहेको "पाठ्यक्रम र पाठ्यपुस्तक" भन्ने वाक्यांश पछाडि देहाय अनुसारको वाक्यांश थप गर्ने :**

“(मातृभाषा समेतका) तथा पाठ्यसामग्री तयार गरी”

**८. मूल ऐनको दफा १० को उपदफा १ को बुँदा (ट) पछाडी देहाय अनुसारको बुँदा (ट१) थप गर्ने:**

(ट१) गुठीद्वारा सञ्चालित (सार्वजनिक वा निजी गुठी) विद्यालय वा परम्परागत धार्मिक प्रकृतिका विद्यालयहरुका प्रधानाध्यापक वा सञ्चालक समितिका अध्यक्षमध्ये नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

## सूर्योदय नगरपालिकाको नगर प्रहरी (पहिलो संशोधन ) ऐन २०७८

**नगरसभाबाट स्वीकृत मिति-२०७८/०९/२७**

सूर्योदय नगरपालिकाको नगर प्रहरी ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सो ऐनको परिच्छेद १२(विविध) को दफा ४० ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगरकार्यपालिकाले देहाय बमोजिमको ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको नगर प्रहरी (पहिलो संशोधन ) ऐन २०७८** हुनेछ।

(२) यो ऐन नगरसभाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको नगर प्रहरी ऐन, २०७६" लाई जनाउनेछ।

**३. मूल ऐनको दफा ७. को उपदफा(१) पछि देहाय अनुसारको उपदफा (२) र (३) थप गरिएको छ।**

(२) उपदफा (१) बमोजिमका पदहरुमा नियुक्ति भएका नगरप्रहरीहरुलाई प्रमुख प्रशासकीय अधिकृत द्वारा दर्जनी चिन्ह प्रदान गरिनेछ।

(३) उपदफा (१) बमोजिमको पदहरुको दर्जनी चिन्ह तोकिए बमोजिम हुनेछ।

**४. मूल ऐनको दफा ८. पछि देहाय बमोजिमको दफा ८क. थप गरिएको छ।**

**८क. बढुवा सम्बन्धि व्यवस्थाः** (१) दफा ८. बमोजिम नियुक्ति भएका नगरप्रहरीको कार्यक्षमता र कार्यसम्पादन मुल्याङ्कनका आधारमा बढुवा गरिनेछ।

(२) बढुवा सम्बन्धि व्यवस्था तोकिए बमोजिको हुनेछ।

# **सूर्योदय नगरपालिकाको विनियोजन (पहिलो संसोधन) ऐन, २०७८**

नगरसभाबाट स्वीकृत मिति : २०७८/०९/२७ गते

**प्रस्तावना :** आर्थिक बर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि सूर्योदय नगरपालिका, इलामको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन नगर सभाले बनाएको विनियोजन ऐन, २०७८ मा भएका व्यवस्थालाई केही संसोधन गर्नु पर्ने भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सूर्योदय नगरपालिका, इलामको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको विनियोजन (पहिलो संसोधन) ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा**: विषय वा प्रशंगले अन्य अर्थ नलागेमा, यस ऐनमा, मूलऐन भन्नाले सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७८ लाई बुझाउनेछ।

**३. संसोधन** : ऐनको दफा २ मा उल्लेखित रकम र सो सँग सम्बन्धित अनुसूचीहरुमा देहाय अनुसार संशोधन गरिएको छ।

क) आ.ब. २०७८/७९ का लागि नेपाल सरकार र प्रदेश सरकारबाट सशर्त अनुदानको रुपमा शुरु विनियोजनमा थप अनुदान प्राप्त भएको र आर्थिक वर्षको अन्त सम्ममा प्राप्त हुने थप रकम समेत मूल ऐन बमोजिम विनियोजन भएको मानिनेछ।

ख) आ.ब. २०७८/७९ मा सञ्चालन हुने गरी विभिन्न वजेट उपशीषर्षकहरुमा विनियोजित रकम (खर्च शीर्षकगत र कृयाकलापगत वाँडफाँड) मा अनुसूची – १ बमोजिम संशोधन गरिएको छ।

# अनुसूची - १
# विनियोजन ऐन, २०७८ मा भएको विनियोजनमा संसोधन

रकम रु. मा

| ब शि नं | खर्च शिर्षक | कृयाकलापको नाम | साविक विनियोजन | थप | घट | कायम हुने विनियोजन | स्रोत |
|---|---|---|---|---|---|---|---|
| ८०१०३४०४१११ | २११३९ | अन्य भत्ता | 0 | 500000 | | 500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४१११ | २२११२ | संचार महशुल | | 500000 | | 500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४१११ | २२२११ | इन्धन (पदाधिकारी) | | 500000 | | 500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४१११ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | | 1000000 | | 1000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४१११ | २२२१३ | सवारी साधन मर्मत खर्च | | 1000000 | | 1000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४१११ | २२२२१ | मेशीनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | 1000000 | | 1000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४१११ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | | 1000000 | | 1000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४१११ | २२३१५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | | 1000000 | | 1000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४२०३ | २२५२२ | दर्ता भएका कुनै अनुदान नपाएका कृषि समुह बिउविजन वितरण कार्यक्रम | 50000 | | 50000 | 0 | आन्तरिक स्रोत |
| ८०१०३४०४२०३ | २२५२२ | जेष्ठ नागरिक मिलन केन्द्र | 50000 | | 50000 | 0 | आन्तरिक स्रोत |
| ८०१०३४०४२०३ | २२५२२ | तरकारी विउविजन वितरण कार्यक्रम ३ नं. वडा | 0 | 50000 | | 50000 | आन्तरिक स्रोत |
| ८०१०३४०४२०३ | २२५२२ | जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण कार्यक्रम | | 50000 | | 50000 | आन्तरिक स्रोत |

| ब शि नं | खर्च शिर्षक | कृयाकलापको नाम | साविक विनियोजन | थप | घट | कायम हुने विनियोजन | स्रोत |
|---|---|---|---|---|---|---|---|
| ८०१०३४०४३०३ | २२५२२ | माङ्खिम सामुदायिक कृषक समूह गत वर्षको भुक्तानी बाँकी रकम भुक्तानी गर्न | 0 | 387988 | | 387988 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०३ | २२५२२ | ५० प्रतिशत लागत साझेदारीमा प्राङ्घारिक तरकारी उत्पादनको लागि टनेल विवरण र तालिम गत वर्षको भुक्तानी बाँकी रकम भुक्तानी गर्न | 0 | 200000 | | 200000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०३ | २२५२२ | ५० प्रतिशत लागत साझेदारीमा वोयर वोका जातको उन्नत विउ बोका वितरण | 0 | 300000 | | 300000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०३ | २२५२२ | वडा नं ११ सिलपोलिन खरिद गत वर्षको भुक्तानी बाँकी रकम भुक्तानी गर्न | 0 | 61169 | | 61169 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०३ | २२५२२ | तापमापक केन्द्र (मेट्रोलोजिकल स्टेशन) स्थापना | 450000 | 50000 | | 500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०७ | २२५२२ | राष्ट्रिय पचिचय पत्र वितरण सम्बन्धी कार्यक्रम | | 1200000 | | 1200000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०७ | २२५२२ | भूमी सम्बन्धी समस्या समाधान सम्बन्धीकार्यहरु | 12600000 | | 1200000 | 11400000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०७ | २२५२२ | मेलमिलापकेन्द्रमा नागरिक सहायता कक्ष स्थापना | 140000 | | 140000 | 0 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०७ | २२५२२ | न्यायिक समितिको अभिलेखालयमा रहने गरी न्याय निरुपणका लागि आवश्यक कानूनी पुस्तक तथा र्याक खरिद | | 140000 | | 140000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०७ | २२५२२ | वाल अस्पताल निर्माणका लागि नगरपालिकाले साझेदारी गर्न | | 1000000 | | 1000000 | आन्तरिक स्रोत |
| | २२५२२ | शिक्षा स्वास्थ्य सुधार सम्बन्धी सञ्चार कार्यक्रम | | 250000 | | 250000 | आन्तरिक स्रोत |

| ब शि नं | खर्च शिर्षक | कृयाकलापको नाम | साविक विनियोजन | थप | घट | कायम हुने विनियोजन | स्रोत |
|---|---|---|---|---|---|---|---|
| | २८१४२ | किशोर कुमार श्रेष्ठ वडा कार्यालय १२ को घरभाडा गत वर्षको भुक्तानी बाँकी रकम भुक्तानी गर्न | 0 | 95040 | | 95040 | आन्तरिक स्रोत |
| ८०१०३४०४१११ | २८९११ | भैपरी आउने चालु खर्च | 8943130 | | 8844197 | 98933 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३१११२ | तिनघरे बजार व्यवस्थापनका लागि ट्रस निर्माण कार्य | | 300000 | | 300000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | 31112 | वडा नं ११ सुन्तलेमा स्वास्थ्य चौकी भवन निर्माण | 2500000 | 1600000 | | 4100000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०२ | ३११२१ | एम्बुलेन्स खरिद | | 1500000 | | 1500000 | आन्तरिक स्रोत |
| 80103404306 | 31122 | निर्माण सामाग्री गुणस्तर परीक्षण प्रयोगशाला उपकरण खरिद | 0 | 2500000 | | 2500000 | आन्तरिक स्रोत |
| | ३११२२ | ट्रेड लिङ्क कम्प्यूटर गत वर्षको भुक्तानी बाँकी रकम भुक्तानी गर्न | 0 | 40140 | | 40140 | आन्तरिक स्रोत |
| ८०१०३४०४२०४ | ३११५१ | ठाकुरचोक बरालभञ्ज्याङ गणेश हिमाल दलित वस्ती सानो करफोक चक्रपथ निरन्तरता | 5000000 | 500000 | | 5500000 | आन्तरिक स्रोत |
| 80103404206 | ३११५१ | हर्कटे तारगाउँ महेन्द्रवेशी सडक स्तरोन्तती | 0 | 6250000 | 0 | 6250000 | आन्तरिक स्रोत |
| ८०१०३४०४२०६ | ३११५१ | सुकेपोखरी ग्यावा चोक वडा कार्यालय तारगाउँ महेन्द्रवेशी सडक वडा नं ६ निरन्तरता | 5500000 | | 5500000 | 0 | आन्तरिक स्रोत |
| ८०१०३४०४२०७ | ३११५१ | पालटाँगे कालोपत्रे भाग्योदय राईटोल विरिङखोला सडक निर्माण कार्य निरन्तरता | 6500000 | | 150000 | 6350000 | आन्तरिक स्रोत |
| ८०१०३४०४२०८ | ३११५१ | कजेनी मालुम वडा कार्यालय डब्बुगाउँ हुँदै वडा नं ६ जोड्ने सडक निरन्तरता | 6500000 | | 1100000 | 5400000 | आन्तरिक स्रोत |

| ब शि नं | खर्च शिर्षक | कृयाकलापको नाम | साविक विनियोजन | थप | घट | कायम हुने विनियोजन | स्रोत |
|---|---|---|---|---|---|---|---|
| ८०१०३४०४२०९ | ३११५१ | बरबोटे गहिरीगाउँ कजेनी सडक निर्माण निरन्तरता | 0 | 650000 | | 650000 | आन्तरिक स्रोत |
| ८०१०३४०४२१० | ३११५१ | शहिदचोक रत्नचोक संगमटोल सडक निर्माण कार्य निरन्तरता | 6500000 | | 400000 | 6100000 | आन्तरिक स्रोत |
| ८०१०३४०४२१२ | ३११५१ | याङखोला पिङडाँडा घुमाउने मलिम सेतीदेवीटोल परिवर्तन टोल चुच्चे ढुंगा तिनघरे सडक निर्माण | 4500000 | | 150000 | 4350000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | 31151 | तिनघरे सुन्तले मन्दीरडाँडा सिरिसे भेलेटार वैशाखे नामसालिङ सडक | 2500000 | | 244000 | 2256000 | नेपाल सरकार-समानिकरण अनुदान |
| ८०१०३४०४३०६ | ३११५१ | डम्पिङ साइट जाने सडक मर्मत कार्यको गत वर्षको बाँकी रकम भुक्तानी गर्न | 0 | 700000 | | 700000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | सुकेपोखरी ग्यावा चोक वडा कार्यालय सडक मरमत  गत वर्षको भुक्तानी बाँकी रकम भुक्तानी गर्न | 0 | 300000 | | 300000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | ढकाल गाउँ तल्लो फाजी गाउँ सडक निर्माण कार्य | | 250000 | | 250000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | सुकेपोखरीदेखी लक्ष्मीटोल रिङ्गाबोटे हुँदै गोदक नारायणचोक जोड्ने सडक | | 500000 | | 500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | टाङटीङ खोलामा कजवे निर्माण | | 500000 | | 500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | भञ्ज्याङ समरभ्याली शान्बति बजार लामा गोलाई गोलेडाँडा हुँदै भञ्ज्याङ अन्तुडाँडा रिङरोड निरन्तरता | | 2500000 | | 2500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | गोर्खे अलवेदर - निरन्तरता (टिमुरे- गोर्खे खण्ड) | | 1500000 | | 1500000 | आन्तरिक स्रोत |

| ब शि नं | खर्च शिर्षक | कृयाकलापको नाम | साविक विनियोजन | थप | घट | कायम हुने विनियोजन | स्रोत |
|---|---|---|---|---|---|---|---|
| ८०१०३४०४३०६ | ३११५१ | मयुँखोलादेखि माने (मानेभञ्ज्याङ) पदमार्ग निर्माण | | 500000 | | 500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | पञ्चे चौतारी बुलबुले वडा नं ६ जोड्ने बाटो | | 2500000 | | 2500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | ग्यावाचोक (कन्याम) साविक  वडा नं ६ सिद्धिखोला सडक | | 2500000 | | 2500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | कन्याम हुरहुरे भञ्ज्याङ ७ नं वडा कार्यालय सडक स्तरोन्नती | 1000000 | 1500000 | | 2500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | गणेश हिमाल कार्कीडाँडा उत्तरेखोला गोदाम सडक केचीगाउँ लाप्चा संग्राहलय सडकको जनक मावि कार्कीडँडा खण्ड | | 2000000 | | 2000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | दावा गैरी कठेत गाउँ श्रीअन्तु बैकल्पीक सडकको पहिरो नियन्त्रण कार्यका लागि ग्याबियन वाल लगाउने काम | 300000 | 1000000 | | 1300000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | नयाँचोक केराबारी माघे सुन्तले भित्री गोदक सडक | | 500000 | | 500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | बराल भञ्ज्याङ नेपालगाउँ मगर गाउँ थुलुङ गाउँ चौरासेगाउँ सल्लेरी सडकको ( नेपाल गाउँ - थुलुङ गाउँ सडक खण्ड) | | 1000000 | | 1000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | नयाँबजार सडकबाट साम्पाङगाउँ जोड्ने सडक | | 700000 | | 700000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | पञ्चकन्या चक्रपथको अधुरो कामको भुक्तानी | | 2500000 | | 2500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | सातदोभाटे वगरगाउँ सडक | | 1000000 | | 1000000 | आन्तरिक स्रोत |

| ब शि नं | खर्च शिर्षक | कृयाकलापको नाम | साविक विनियोजन | थप | घट | कायम हुने विनियोजन | स्रोत |
|---|---|---|---|---|---|---|---|
| ८०१०३४०४३०६ | ३११५१ | धाप शनिश्चरे सडक वडा नं १ को स्तरोन्नती (गत वर्षको बाँकी) | | 1400000 | | 1400000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | सिद्धि - सल्लेरी सडक | | 1000000 | | 1000000 | आन्तरिक स्रोत |
| 80103404306 | ३११५१ | आइतबारे बजार कालोपत्रे गर्ने कार्य | 5200000 | | 2400000 | 2800000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | काजीफाटक दियालोटोल पान्दाम चेलीटोल नमूना टोल आदर्श टोल सडक | 0 | 356000 | | 356000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | काजीफाटक दियालोटोल पान्दाम चेलीटोल नमूना टोल आदर्श टोल सडक | 2000000 | 244000 | | 2244000 | नेपाल सरकार समानिकरण अनुदान |
| ८०१०३४०४३०७ | ३११५१ | मर्मत संभार कोष | | 4000000 | | 4000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५६ | मालुम राठीबारी खानेपानी मर्मत उ स गत वर्षको भुक्तानी बाँकी रकम भुक्तानी गर्न | 0 | 44338 | | 44338 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०२ | ३११५९ | बर्थिङ्ग सेन्टर तथा प्रसुती गृह निर्माण कार्य सू.न.पा.- ७ गोगने (गत वर्षको बाँकी रकम भुक्तानी भवन निर्माण र उपकरण खरिद) | | 5100000 | | 5100000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५९ | अन्तुपोखरी घेराबारा कार्य | | 2000000 | | 2000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५९ | कृष्णाश्रम मावि र फिक्कल मावि मा वास्केटवल कोर्टमा प्लास्टरिङ्ग पनिङ्ग कार्य | | 500000 | | 500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५९ | कृष्णाश्रम मावि र फिक्कल मावि मा वास्केटवल कोर्ट निर्माण कार्य क्रमागत | | 353000 | | 353000 | आन्तरिक स्रोत |

| ब शि नं | खर्च शिर्षक | कृयाकलापको नाम | साविक विनियोजन | थप | घट | कायम हुने विनियोजन | स्रोत |
|---|---|---|---|---|---|---|---|
| ८०१०३४०४३०६ | ३११५९ | प्रदेश सरकारसँगको साझेदारीमा कजेनी खेलमैदान निर्माण कार्यका लागि साझेदारी | | 500000 | | 500000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५९ | सिद्धेश्वर शिव मन्दीर मरमत सुनपा ८ | | 300000 | | 300000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५९ | पर्यटन प्रवर्द्धन सम्बन्धी योजनाहरु | 10000000 | | 2000000 | 8000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५९ | बुद्धपार्क निर्माण निरन्तरता | 3500000 | 1800000 | | 5300000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३१५११ | भैपरी आउने पुँजीगत खर्च | 44158000 | | 43943478 | 214522 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | फिक्कल गुम्बापथ आरुबोटे जोगमाई खोला माई जोगमाई गा पा नामसालिङ इलाम जोड्ने सडक(मूख्य मन्त्री सडक सुधार आयोजना २०% साझेदारी) | | 1000000 | | 1000000 | आन्तरिक स्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | रुङसुङ चोक गोर्खे मानेडाँडा माइजोगमाई गापा हुदै सन्दकपुर गा पा जोड्ने सडक (मूख्य मन्त्री सडक सुधार आयोजना २०% साझेदारी) | | 1000000 | | 1000000 | |
| ८०१०३४०४३०६ | ३११५१ | तिनघरे बाट (सुनपा) जुरेभञ्ज्याङ बरफल्याङ हुदै झापा (खुदुनाबारी) जोड्ने सडक (मूख्य मन्त्री सडक सुधार आयोजना २०% साझेदारी) | | 1000000 | | 1000000 | |
| | | **जम्मा** | | **66171675** | **66171675** | | |

आज्ञाले

योगनिधि भट्टराई

निमित्त प्रमुख प्रशासकीय अधिकृत